आज मिति २०८० साल **बैशाख ३१** गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

**<u>प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।</u>**

**<u>निर्णय नं. १</u>** — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**<u>प्रस्ताव नं. २ — हेरुलु कामदार सम्बन्धमा।</u>**

**<u>निर्णय नं. २</u>**- प्रस्ताव नं. २ उपर छलफल गर्दा आउँदो मनुसुन सिजनलाई मध्यनजर गर्दै २०८० साल ~~जेठ~~ असार १ गते देखि लागु हुने गरी भदौ मसान्त सम्मका लागि प्रति महिना रु. १५,०००/- पारिश्रामिक पाउने गरी तपशिल बमोजिमको सङ्ख्यामा हेरुलु कामदार नियुक्ति गर्ने र वडागत हेरुलु कामदारहरु वडा कार्यालयले नै यस गाउँपालिकालाई सिफारिस गरी पठाउने भनी निर्णय गरियो। मासिक पारिश्रामिक भुक्तानी गर्दा वडा कार्यालयबाट वडाको कुन सडकमा, कति दिन काम गरेको सबै कुरा प्रमाणित गरी डोर हाजिरी सहित पेश गर्नु पर्नेछ।

| क्र.सं. | वडा नं. र नाम | हेरुलु कामदार सङ्ख्या |
|---|---|---|
| १. | १, बर्सुन्चेत | २ |
| २. | २, बुङताङ | ४ |
| ३. | ३, देउराली | ६ |
| ४. | ४, किम्ताङ | ४ |
| ५. | ५, सामरी | ६ |
| ६. | ६, थप सामरी | ६ |

**<u>प्रस्ताव नं ३— आरन सुधार सम्बन्धमा।</u>**

**<u>निर्णय नं. ३</u>** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस पालिकाबाट सूचना भए बमोजिम वडाबाट प्राप्त भएको नाम नामवली मध्ये तपशिलका निवेदकहरुलाई छनौट गर्ने भनी निर्णय गरियो।

<u>तपशिलः-</u>

| वडा नं. र नाम | छनौट गरिएका निवेदक | कैफियत |
|---|---|---|
| २, बुङताङ | सिता राम कामी | |
| | विर बहादुर कामी | |
| | राम कृष्ण कामी | |
| | सेते कामी | |
| ३, देउराली | मान बहादुर सुनार | |
| | विर बहादुर सुनार | |
| | सार्की कामी | |
| | डिल बहादुर सुनार | |

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | विर बहादुर सुनार | |
| | जुठे सुनार | |
| | दमाई सुनार | |
| | कृष्ण बहादुर विक | |
| ४, किम्ताङ | धन बहादुर सुनार | |
| | भिमलाल कामी | |
| | सार्की कामी | |
| | | |
| | | |
| | | |
| ५, सामरी | सन्त बहादुर कामी | |
| | राम राजा कामी | |
| | गोपाल कामी | |
| | टेक बहादुर कामी | |
| | भंगे वि.क. | |
| ६, थप सामरी | केशव वि.क. | |
| | राम वि.क. | |
| | मंगले वि.क. | |
| | हरि बहादुर वि.क. | |
| | अर्जुन वि.क. | |
| | कृष्ण कामी | |
| | जुठे कामी | |

**प्रस्ताव नं ४— कार्यविधि स्वीकृत सम्बन्धमा।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा विधायन समितिबाट प्रस्तुत यस गाउँपालिकालाई आवश्यकता पर्ने तपशिल बमोजिमको कार्यविधिहरु स्वीकृत गर्ने भनी निर्णय गरियो।

१. म्यागङ गाउँपालिकाको होमस्टे सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

२. म्यागङ गाउँपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०८०

३. म्यागङ गाउँपालिकाको औषधी (फार्मेसी) अनुगमन, नियमन कार्यविधि, २०८०

४. विषयगत समिति कार्य संचालन कार्यविधि, २०८०

५. गाउँपालिकाका आपतकालिन कार्य संचालन कार्यविधि, २०८०

६. स्थानीय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०८०

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं ५— लक्षित वर्ग कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा लक्षित वर्ग कार्यक्रम अन्तर्गतका युवा सशक्तिकरण कार्यक्रम, म्यागङ १ देखि ६ को लागि विनियोजित रु. १५,००,०००/- मध्ये तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने भनी निर्णय गरियो। उक्त कार्यक्रमका लागि वडाको सिफारिसबाट सहभागी छनौट हुनेछ। वडाले सहभागी सिफारिस गर्दा समावेशी, आर्थिक रुपले विपन्न र भोलिका दिनमा पेशा गर्न ईच्छुकलाई प्राथमिकताका आधारमा समावेश गर्नु पर्नेछ।

१. १ महिने प्लम्बर तालिम, म्यागङ १ देखि ६

२. १ महिने ईलेक्ट्रिसियन तालिम, म्यागङ १ देखि ६

| क्र.सं. | वडा नं. र नाम | १ महिने प्लम्बर तालिमको लागि सिफारिस सङख्या | १ महिने ईलेक्ट्रिसियन तालिमको लागि सिफारिस सङख्या |
|---|---|---|---|
| १. | १, बर्सुन्चेत | ३ | ३ |
| २. | २, बुङताङ | ४ | ४ |
| ३. | ३, देउराली | ५ | ५ |
| ४. | ४, किम्ताङ | ४ | ४ |
| ५. | ५, सामरी | ५ | ५ |
| ६. | ६, थप सामरी | ५ | ५ |

**प्रस्ताव नं ६ — शीर्षक संशोधन सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा गाउँ सभाबाट स्वीकृतको चालु आ.व. को आयोजना 'मरणघाट निर्माण' रु. ४,००,०००/- को सट्टा 'माछापोखरी जेनजेन गोरम पहिरो नियन्त्रण' शीर्षकमा रहने गरी संशोधन गरियो। यस निर्णयलाई आगामी गाउँ सभाबाट समेत अनुमोदन गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ७ — नवीकरणीय उर्जा प्रविधि जडान सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा संघीय सर्शत बजेट शीर्षक नवीकरणीय उर्जा प्रविधि जडान को कार्यक्रम संचालन कार्यविधि बमोजिम २५% जनसहभागितामा आधारित रही उपलब्ध हुने सोलर/स्ट्रीड लाईट देहाय बमोजिम वितरण गर्ने भनी निर्णय गरियो। जनसहभागीताको रकम सहित माग भएको व्यक्ति/समुदायको नागरिकता सहित वडा कार्यालयले सिफारिस गर्नु पर्नेछ।

| क्र.सं. | वडा नं. र नाम | सिफारिस सङख्या |
|---|---|---|
| १. | २, बुङताङ | २ |
| २. | ३, देउराली | २ |
| ३. | ४, किम्ताङ | २ |
| ४. | ५, सामरी | २ |
| ५. | ६, थप सामरी | २ |

म्यागङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देउराली, नुवाकोट, बागमती प्रदेश, नेपाल, २०७३

**<u>प्रस्ताव नं ८</u> — <u>दैनिक भ्रमण खर्च सम्बन्धमा।</u>**

<u>निर्णय नं. ८</u> - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस आर्थिक बर्षको हाल सम्मको जनप्रतिनिधि तथा कर्मचारीहररुको स्वीकृत भ्रमण आदेश बमोजिमका सबै खर्चहरु यस कार्यपालिकाबाट अनुमोदन गरियो।

**<u>प्रस्ताव नं ९</u> — <u>बजेट निकासा सम्बन्धमा।</u>**

<u>निर्णय नं. ९</u> - प्रस्ताव नं. ९ उपर छलफल गर्दा श्री अर्थ मन्त्रालय, वित्तिय संघीयता समन्वय महाशाखाको च.नं. १२१ मिति २०८०/०१/१४ को पत्र बमोजिम यस पालिकाले पाउनु पर्ने अन्तिम किस्ताको वित्तिय समानीकरण अनुदान ५०% मात्र प्राप्त भएको हुँदा देश आर्थिक अवस्था चिन्तजनक रहेकोमा उक्त बाँकी अनुदान रकम तथा राजश्व बाँडफाँडको पाउनु पर्ने रकम समेत पाउने निश्चितता नभएको हुँदा कार्यालयको तर्फबाट गरिने खर्चहरु मितव्ययी तबरले गर्न गराउन सबै वडा कार्यालय र शाखाहरुले सहयोग गर्ने भनी निर्णय गरियो।

**<u>प्रस्ताव नं १०</u> — <u>गैसला तरसिङस्योङ डाङचेत थम्बुखोला सडक निर्माण आयोजना शीर्षक सम्बन्धमा।</u>**

<u>निर्णय नं. १०</u> - प्रस्ताव नं. १० उपर छलफल गैसला तरसिङस्योङ डाङचेत थम्बुखोला सडक निर्माण आयोजना कार्यान्वयन गर्ने क्रममा गैसलाबाट छिजुङ पुग्दा सो पछीको बाटो बनाउन स्थानीय जग्गा धनीहरुको विवाद पछी छिजुङ खोलाबाट सो बाटो माछापोखरी जोडि सम्पन्न गरेकोमा उक्त उपभोक्ता समितिको सो कार्यलाई यस कार्यपालिकाले सर्व सम्मतिमा सहमति गरियो।

**<u>प्रस्ताव नं ११</u> — <u>राजश्व संकलन सम्बन्धमा।</u>**

<u>निर्णय नं. ११</u> - प्रस्ताव नं. ११ उपर छलफल गर्दा वडा तथा शाखाबाट संकलन हुने राजश्व रकम प्रत्येक हप्ता पालिकाको आन्तरिक खातामा जम्म गर्ने भनी निर्णय गरियो।

**<u>प्रस्ताव नं १२</u> — <u>सर्वसम्मतले पारित सम्बन्धमा।</u>**

<u>निर्णय नं. १२</u> - प्रस्ताव नं. १२ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।